# कीर्तिपुर नगरपालिका कार्यालय
## Kirtipur Municipality Office
किपू नगरपालिका


OIC

२०७२/०८/०२

पत्र संख्याः

च.नं.:

**बिषयः- बजेट सिलिङ्ग र मार्गदर्शन पठाएको सम्बन्धमा ।** मितिः .............................

श्री वडा सचिव ज्यू,
वडा नं.................
कीर्तिपुर न.पा. कार्यालय ।

प्रस्तुत विषयमा आ.व. ०७३/०७४ का लागि निम्न अनुसारको बजेट सिलिङ्ग र मार्गदर्शन तथा वडा स्तरीय योजना तर्जुमा भेलाको तालिका यसै साथ पठाइएको छ । सो अनुसार व्यापक प्रचार प्रसारका साथ वडा भेला गरी आगामी आ.व. ०७३/०७४ को लागि आयोजना/कार्यक्रमहरु छनौट एवं प्राथमिकता समेत निर्धारण गरी २०७२ मंसिर मसान्त भित्र न.पा. कार्यालयमा अनिवार्य पेश गर्नु हुन जानकारीका साथ अनुरोध छ ।

क) बजेट सिलिङ्ग

१. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास योजना/कार्यक्रम तर्फ रु १० लाख ( न्यूनतम रु ५ लाखका सम्मका योजना तथा कार्यक्रम छनोट गर्नु पर्ने )

२. सबै जातजातीका बिपन्न वर्गका महिलाहरुको सशक्तिकरण, रोजगारीमूलक र आयमूलक कार्यमा प्रत्यक्ष फाईदा पुग्ने योजना/कार्यक्रम तर्फ रु २ लाख ।

३. सबै जातजातीका बिपन्न वर्गका बालबालिकाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने योजना/कार्यक्रम तर्फ रु २ लाख ।

४. सबै जातजातीका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पछाडी परेका र पारिएका वर्ग (जेष्ठ नागरिक, दलित, आदिवासी जनजाती, अपाङ्गता भएका व्यक्तिहरु, पिछडा वर्गहरु) प्रत्यक्ष फाईदा पुग्ने योजना/कार्यक्रम तर्फ रु ३ लाख ।

५.प्रवर्द्धनात्मक कार्यक्रम क्षेत्रका लागि रु २ लाख ।

६. साझेदारी लागत सहभागिता शिर्षकमा (३०% नगद सहभागिता हुने गरी) संचालन हुने योजना/कार्यक्रमहरु तर्फ रु ५ लाख ।

**(पुनश्च : माथि उल्लेखित सि.नं. १ को हकमा साविक बमोजिम वडास्तरीय योजना संचालन गर्ने र बाँकी सि.नं. २ देखि ६ सम्मका योजना/कार्यक्रमहरु प्राथमिकता, आवश्यकता र बजेट परिधी भित्र रही नगरपालिकाबाट संचालन गरिने छ ।)**

2072/8/2


कीर्तिपुर, काठमाडौं, फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१
Kirtipur, Kathmandu, Phone No.: 977-1-4331805, 4331693, Fax No.: 977-1-4331381, E-mail: ict.munkirtipur@gmail.com

# कीर्तिपुर नगरपालिका कार्यालय
## Kirtipur Municipality Office
## किपू नगरपालिका


पत्र संख्या:

च.नं.:

मिति: ..............................

**ख) मार्गदर्शनहरु**

१) स्थानीय स्वायत्त शासन ऐन, नियम एवम् स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तोकिएको प्रकृया पुरा गरी मात्र योजना कार्यक्रम छनौट गर्ने ।

२) अन्तरिम आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्र तथा कार्यक्रममा योजना/कार्यक्रम छनौट गर्दा प्राथमिकता दिने ।

३) अधुरा/क्रमागत योजना, कार्यक्रमहरुलाई सम्पन्न गर्न पहिलो प्राथमिकतामा राख्ने ।

४) महिला, वालबालिका, दलित, भिन्न क्षमता भएका व्यक्तिहरु, आदिवासि/जनजाति, विपन्न समूदायलाई लक्षित गरी प्रत्यक्षरुपमा फाईदा पुग्ने कार्यक्रम/आयोजना अनिवार्य छनौट गर्ने ।

५) वडाको आयोजना/कार्यक्रमलाई दीर्घकालिन, मध्यकालिन र अल्पकालिन रुपमा बर्गिकरण गरी छनौट गर्ने ।

६) योजना/कार्यक्रमहरु छनौट गर्दा पूर्वाधार विकास, मानव संसाधन विकास, सामाजिक विकास, आर्थिक विकास क्षेत्रका लागि बेग्ला बेग्लै योजना/कार्यक्रम छनौट गर्ने ।

७) राष्ट्रिय योजना आयोग, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयले योजना/कार्यक्रमको विषयमा बेला बेलामा गरेको परिपत्र, निर्देशनको पालना गरी योजना/कार्यक्रम छनौट गर्ने ।

८) अधिकतम जनसहभागिता जुट्न सक्ने, प्रत्यक्ष जनसमुदायलाई फाईदा पुग्ने, रोजगारी सिर्जनामा सहयोग पुग्ने, गरिबी न्यूनिकरणमा सहयोग पुग्ने योजना/कार्यक्रमहरुलाई प्राथमिकतामा राख्ने ।

९) नगरपालिकाको आवधिक योजनाले निर्दिष्ट गरेका क्षेत्रहरुका योजना/कार्यक्रम छनौटमा पहिलो प्राथमिकता दिने ।

१०) स्थानिय श्रोत साधन, जनशक्ति परिचालन गर्ने खालका योजना/कार्यक्रमलाई छनौटमा प्रथमिकता दिने ।

११) योजना/कार्यक्रम छनौटका लागि पारदर्शि रुपमा, बढी भन्दा बढी समावेशि रुपको, वडावासीहरुको सहभागिता गर्दा सवै क्षेत्र, वर्ग, जनजातिको समुत्थान गर्ने हिसाबले गर्ने । उक्त वडा भेलामा राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी, गैरसरकारी निकायहरुलाई उपस्थितिका लागि अनुरोध गर्ने ।

१२) विकास आयोजना छनौट गर्दा वातावरणीय रुपमा उपयुक्त, प्रकोप न्यूनिकरण गर्ने, मितव्ययी, जन स्वास्थयमा प्रतिकुल असर नपार्ने, धेरै भन्दा धेरै जनसमुदाय लाभान्वित हुने तर्फ विशेष ध्यान दिने ।

१३) वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्रको सहभागितामा वडाभेलाले पारित भएका योजना/कार्यक्रमलाई मात्र न.पा.ले पहिलो प्राथमिकता दिने ।

१४) सरकारी/गैरसरकारी विषयगत निकायहरु सँग माग गर्नुपर्ने योजना/कार्यक्रमहरुको विषय छुटै तयार गरी पेश गर्ने ।

१५) न.पा.का क्षमता विकास/संस्थागत विकास सम्वन्धि योजना/कार्यक्रमहरु पनि छनौट गर्न वडा सचिव ले सहजिकरण गर्ने ।

१६) नगर, जिल्ला तथा केन्द्रिय स्तरबाट संचालन गरिने योजना/कार्यक्रमहरु पनि वडा भेलावाट छनौट गरी प्राथमिकताका आधारमा पठाउने ।

..............................

(सानुवावु परियार)
नि.कार्यकारी अधिकृत

बोधार्थ तथा कार्यार्थ:-

श्री सूचना शाखा:- न.पा.को वेभ साइट तथा अन्य सञ्चार माध्यमबाट व्यापक प्रचार प्रसारका लागि।


कीर्तिपुर, काठमाडौं, फोन नं. ९७७-१-४३३१६९३, ४३३१८०५, फ्याक्स नं.: ९७७-१-४३३१३८१

Kirtipur, Kathmandu, Phone No.: 977-1-4331805, 4331693, Fax No.: 977-1-4331381, E-mail: ict.munkirtipur@gmail.com